***१३ औं राष्ट्रिय महाभेला २०७८ को सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री तप बहादुर मगरले प्रदान गर्नुभएको मन्तव्य ।***

**सम्माननीय उपराष्ट्रपतिज्यू**

**यस महाभेला संयोजन गर्ने शान्तिका लागि साझा अभियान (कोक्याप)** र **सहसंयोजन गर्ने फ्रिडम फर अल नेपाल (फान)** तथा **शान्ति फाउण्डेशनका पदाधिकारीज्यूहरू**

**आमन्त्रित विशिष्ट व्यक्तित्वहरू**

**मानवअधिकारकर्मी मित्रहरू**

**पत्रकार मित्रवन्धुहरू तथा**

**उपस्थिति सम्पूर्ण महानुभावहरू**

अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (डिसेम्बर १०)लाई वृहत रुपमा मनाउन उपस्थित हुनुभएका सम्पूर्ण मानव अधिकारकर्मीहरू तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत सम्पूर्ण संघसंस्थाहरू एवं संघसंस्थाका प्रतिनिधिहरू, सम्पूर्ण सुभेच्छुकहरूलाई यस महाभेलाको अवसरमा शुभकामना व्यक्त गर्न चाहन्छु । साथै, आफ्नो भनाई राख्ने मौका प्रदान गर्नुभएकोमा यहाँहरूलाई धन्यवाद दिन चाहन्छु ।

***असमानतालाई हटाऊँ र मानव अधिकाको सम्मान गरौं*** *भनी सबैको* साथमा सप्ताहव्यापी रुपमा आयोजना गरिएको यस महाभेला कार्यक्रम मानव अधिकारको समग्र संरक्षण र सम्बर्धनको सवालमा कोशेढुङ्गा सावित हुनेछ । ७३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा आयोजित यस ऐतिहासिक महाभेलाले देशको राजधानी लगायत देशव्यापी रुपमा प्रादेशिक तथा स्थानीय तहसम्म वृहत रुपमा कार्यक्रमहरूको आयोजना गरी मनाइँदै छ ।

यस महाभेला मार्फत प्राप्त हुन आउने सुझाव तथा सुभेच्छाहरूले मानव अधिकारको समग्र सुनिश्चितता तथा संयुक्त राष्ट्रसंघको **Equality- Reducing inequalities, advancing human rights** भन्ने सन् **२०२१** को नारालाई समेत सार्थकता तुल्याउन पक्कै पनि सहयोगीसिद्ध हुनेछ । मानव अधिकारको अर्न्तबस्तु भनेकै समानता र अविभेद हो । जसलाई सार्थकता प्रदान गर्न सन् २०३० को एजेण्डा **Leave No One Behind** पछि नछोडिने भनी कसैलाई पनि मानव अधिकारको प्रत्याभूतिबाट बञ्चित नगरिने विषय उजागर गरेको छ । मानव अधिकार सुनिश्चितताको यही परिदृश्यलाई हृदयङ्गमन गरी राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक र कानूनी कार्यादेशबमोजिम मानव अधिकारको संरक्षण र सम्बर्धन कार्यलाई सुनिश्चित गर्न महत्वपूर्ण योगदान गर्ने कार्यमा यहाँहरूले हातेमालो गर्नुभएकोमा सबैलाई हृदयदेखि हार्दिक आभार प्रकट गर्न चाहन्छु । मानव अधिकारका जल्दाबल्दा विषयहरूलाई सम्बोधन गर्न

गराउन तथा मानव अधिकारको उपभोग सन्दर्भमा रहेका समस्या तथा चुनौतीहरूलाई समाधान गर्नसमेत यहाँहरूले सदैव सहयोग र साथ दिनुहुनेछ भन्ने आयोगले विश्वास लिएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगको छैठौं रणनीतिक योजनाले लिएको **जीवन मर्यादा, समानता र स्वतन्त्रताको अधिकारः दिगो शान्ति र समृद्धिको आधार** भन्ने नारालाई समेत सबै तहमा कार्यान्वयनमा लैजान यस महाभेलाले सहयोग गर्ने नै छ । यहाँहरू सबैको साथ र सहयोग विना मानव अधिकारको सुनिश्चित सम्भव देखिँदैन । यस्तो किसिमको महाभेलाको माध्यमबाट नै घरघरमा मानव अधिकार प्रवर्धनको सन्देश पुग्न सक्दछ । नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन अवस्थाको अनुगमन गर्ने जिम्मेवारी आयोग लगायत अन्य निकायका साथै मानव अधिकारकर्मीहरूलाई समेत रहेको छ । हामीहरू सबै मिलेर यस कार्ययोजनाको कार्यान्वयन अवस्थाको अनुगमन गरी सफल पार्नुपर्दछ । संवैधानिक तथा कानुनी कार्यादेश बमोजिम राष्ट्रिय मानव अधिकार आयोगको छैठौं रणनीतिक योजनाले लिएका लक्ष्यहरूलाई पूरा गर्न र राष्ट्रिय मानव आयोगबाट भएका सिफारिसहरूको कार्यान्वयन हुन यहाँहरूको साथ र सहयोग आवश्यक छ । आजको यस अवसरमा हामीहरू सबै एक जुट भई मानव अधिकारको रक्षार्थ अग्रसर हौं भनी आव्हान गर्न चाहन्छु ।

यस महाभेलाका संयोजक ***शान्तिका लागि साझा अभियान (कोक्याप)*** र सहसंयोजक ***फ्रिडम फर अल नेपाल (फान)*** तथा ***शान्ति फाउण्डेशन***लाई हार्दिक धन्यवाद दिंदैं आगामी दिनहरूमा पनि यस्तै समन्वय र सहकार्यको अपेक्षा राख्दछु । महाभेलाको माध्यमबाट मानव अधिकारका विविध विषयमा छलफल, बहस, अन्तरसम्वाद कार्यक्रमलाई प्रादेशिक तथा स्थानीय तहमा रहेका आमसर्वसाधारणको पहुँचमा पु¥याउन योगदान गर्नुहुने सम्पूर्ण अत्यन्त उर्जाशील मानव अधिकारकर्मीहरू, यस महाभेला सम्पन्न गर्नका लागि आ-आफ्ना जिम्मेवारीहरू लिई अहोरात्र खटिइनुभएका मानव अधिकार र न्यायको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरूप्रति आभार प्रकट गर्दै मानव अधिकारको दृष्टिकोणबाट आगामी दिनहरू अझै समृद्ध र सफल रहोस् कोही पनि मानव अधिकरको उपभोगबाट बञ्चित नहुन् भन्ने कामना गर्दै सबैमा ७३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको मंगलमय शुभकामना व्यक्त गर्दछु

धन्यवाद ।

मिति २०७८/०८/२२ गते

प्रज्ञा प्रतिस्थान, कमलादी, काठमाडौं ।